जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily




वर्ष : ३ | अंक : २०८ | २०८२ साल फागुन १० गते, आईतबार | Sunday, Feb.– 22 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## बारामा अबैध क्रसर उद्योग : चुरेदेखि दक्षिण बोर्डरसम्म, अनुगमन समिति मौन

***संवाहक सम्वादाता**-९फागुन, कलैया*

बारा जिल्लामा दुई दर्जनभन्दा बढी गिटि-बालुवा र ढुंगा क्रसर उद्योग नियम विपरीत, अवैध र अनियमित रूपमा सञ्चालनमा छन्। उद्योगहरूले अधिकांश दर्ता त गरेका भए पनि नविकरण प्रक्रिया पूरा नगरेका, नदी तथा खोलाबाट बालुवा र गिटिको अवैध उत्खनन् गर्दै आएका छन्। यसबीच, सम्बन्धित प्रशासनिक निकाय मौन बसेको र उद्योगी-निकायको मिलेमतमा राज्यको कर र राजस्व दोहन भइरहेको आरोपसमेत उठेको छ।



दर्ता विवरणअनुसार दुर्गा क्रसर, महालक्ष्मी रोडा, राहुल क्रसर (फेंटा), ओमसाईबाबा क्रसर, बारा रोडा, मधु क्रसर, जयदुर्गा कंक्रिट, मिनाक्षी एग्रिगेट, नारायणी स्टोन, हिमालयन क्रसर, आकाश स्टोन, जयमातादी ढुंगा लगायत २० भन्दा बढी उद्योग जिल्ला भित्र निजगढ, अमलेखगञ्जदेखि भारतीय सिमा तेलकुवा-बेलदारी-पचरौतासम्म फैलिएका छन्। अधिकांश उद्योगको दर्ता २०५३-२०६५ सालको बीचमा भए पनि नविकरण म्याद धेरै उद्योगमा २०७३ असाढ मसान्तसम्म मात्र देखिन्छ।

स्थानीय बासिन्दा र कृषि विज्ञाहरूले चेतावनी दिएका छन् कि नदी किनारमा मापदण्ड विपरीत उत्खनन्ले नदी कटान बढाउने, जलीय जीवन संकटमा पर्ने, धुलो र प्रदूषण फैलाउने, बालीनाली र मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने खतरा बढाएको छ। आँखा, श्वासप्रणाली, दम, र दीर्घकालीन स्वास्थ्य समस्या वृद्धि भएको स्थानीय स्रोतहरूले जनाएका छन्। जिल्लामा बालुवा उत्खनन् र क्रसर सञ्चालनको अनुगमन समिति भएतापनि सक्रिय निगरानी देखिएको छैन, जसले प्रशासनको नियतमा प्रश्न उठाएको छ। उद्योगी-निकाय मिलेमतले राज्यको कर र राजस्व दोहन भइरहेको आरोपसमेत लगाइएको छ।

विशेषज्ञहरूले सुझाएका छन् कि बारा जिल्लामा क्रसर उद्योगहरूको तत्काल नविकरण, अनुमति प्रक्रिया कडा पार्न, धुलो/ध्वनी नियन्त्रणका लागि आधुनिक उपकरण अनिवार्य गर्न, र नदी किनारको संरक्षण तथा पुनर्स्थापना सुनिश्चित गर्न प्रशासनले कदम चाल्नुपर्छ। नियम उल्लङ्घनको अवस्थामा जफत, जरिवाना, र कानूनी कारबाही अनिवार्य रहेको उनीहरूको सुझाव छ।

बाँकी तेस्रो पृष्ठमा

## बारा-२ : रामकिशोर यादवको घरदैलो प्रचार-प्रसार जोरशोरसँग, जितको आत्मविश्वास उच्च

***संवाहक सम्वादाता**-९फागुन, कलैया*

बारा निर्वाचन क्षेत्र नं २ मा जसपा नेपालका उम्मेदवार रामकिशोर यादवले आफ्नो प्रचार-प्रसारलाई घरदैलो अभियानमार्फत व्यापकता र गहिराइ दिँदै जनसमर्थन जुटाउने काम तीव्र पारेका छन्।



उम्मेदवार यादवले मजागढीमाई-९ का पिप्राविर्ता-१ र २, बरियारपुर, सुवर्णको कवही गोठ, पचरौता, साथै क्षेत्रका अन्य ग्रामीण र शहरी स्थानमा एकै साथ घर-घर भ्रमण गर्दै मतदाता भेटघाट गरिरहेका छन्। यस क्रममा स्थानीय समुदायका दलित, मधेशी, मुस्लिम, आदिवासी र जनजाती सबै वर्गका मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनी आफ्नो समान अवसर, विकास र सामाजिक न्यायको योजना प्रस्तुत गरिरहेका छन्।

यादवका कार्यकर्ताहरूले संगठनलाई मजबुत र शसक्त बनाउने अभियानमा जोड दिएका छन्। घर-घर पुग्ने अभियानले मतदातासँग नजिकको सम्बन्ध विकास गरेको छ, जसले चुनावी विश्वास र उत्साह दुवै बढाएको छ। उम्मेदवार यादवले मतदातालाई आफ्नो योजनाहरूको स्पष्ट दृष्टिकोण प्रस्तुत गर्दै स्थानीय विकास, शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जनामा प्राथमिकता दिने प्रतिबद्धता दोहोर्याएका छन्।

स्थानीय बासिन्दाहरूले पनि यादवको सक्रियता र पहुँचयोग्य शैलीलाई सकारात्मक प्रतिक्रिया दिएका छन्। "उहाँले घरमै आएर

बाँकी तेस्रो पृष्ठमा

## रौतहटमा अनिश्चितकालीन कर्फ्यू, केन्द्रीय सुरक्षा समितिले उच्च संयमता अपनाउन आग्रह

***संवाहक सम्वादाता**-९फागुन, कलैया*

रौतहटमा दुई समुदायबीचको विवादका कारण स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यू लागू गरेको छ। बिहीबार रातिदेखि बढ्दो तनाव र झडपका कारण प्रशासनले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने अवस्था आएको हो।



शनिबार दिउँसो बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा सुरक्षा निकायका चारवटै प्रमुख सहभागी थिए। गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेका अनुसार, बैठकले रौतहटमा शान्ति र सामाजिक सद्भाव कायम गर्न विशेष जोड दिएको छ। बैठकले सबै पक्षलाई उच्च संयमता अपनाउन र सुरक्षा सुनिश्चित गर्न निर्देशन दिएको छ।

काफ्लेले भने, "जिल्ला सुरक्षा समितिलाई सबै निकायसँग समन्वय गरेर उचित सुरक्षा व्यवस्था गर्न निर्देशन दिइएको छ।"

बैठकले विवादमा संलग्न दोषीलाई कारबाहीको प्रक्रिया अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएको छ। साथै, स्थानीय प्रशासन र सुरक्षा निकायलाई जनजीवनमा न्यूनतम असरका साथ सुरक्षा सुनिश्चित गर्न आग्रह गरिएको छ।

गौर नगरपालिका-६ सवगढामा शुक्रबार भएको सहमतिपछि पनि शनिबार बिहान पुनः झडप सुरु

बाँकी तेस्रो पृष्ठमा

## गौर हिंसामा जनमत पार्टीका जिल्ला संयोजक शेख जमशेद पक्राउ, १० घाइते

***संवाहक सम्वादाता**-९फागुन, कलैया*

गौरमा भड्किएको साम्प्रदायिक हिंसामा संलग्न रहेको आरोपमा प्रहरीले गौर नगरपालिका-६ सवगढाका शेख जमशेदलाई पक्राउ गरेको छ।



प्रहरीका अनुसार जमशेद जनमत पार्टीका जिल्ला संयोजक र सोही वडाका पूर्व अध्यक्ष हुन्। सवगढाबाट सुरु भएको दुई समुदायबीचको विवादमा उनको संलग्नता रहेको आशंकामा उनलाई घरबाटै नियन्त्रणमा लिएर जिल्ला प्रशासन कार्यालय लगिएको हो। प्रहरी स्रोतका अनुसार घटनामा उनको संलग्नतासँग सम्बन्धित केही प्रमाण पनि फेला परेको दावी गरिएको छ।

बिहीबार साँझ मस्जिदको बाटो हुँदै जन्तीको गाडी गुज्रिएपछि सुरु भएको विवाद हिंसात्मक रूपमा परिणत भएको थियो। प्रशासनले शुक्रबार दिनभरि दुवै पक्षबीच ६ बुँदे सहमति गराएको थियो। तर शनिबार बिहान पुनः सवगढामै झडप भड्किएको छ।

झडपका क्रममा हालसम्म १० जना सामान्य घाइते भएका छन् भने २० जनालाई पक्राउ गरिएको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भूसालले जानकारी दिएका छन्। घटनामा ७ वटा मोटरसाइकल र १ जीप आगजनीमा नष्ट भएका छन्। स्थिति नियन्त्रणमा लिन प्रहरीले ५० भन्दा बढी अश्रुग्यास र दर्जनौं राउण्ड हवाइ फायर गरेको छ। हाल रौतहटका विभिन्न क्षेत्रमा कर्फ्यू आदेश जारी गरिएको छ र सुरक्षा सतर्कता बढाइएको छ।




## पर्सा निर्वाचन: १६७ मतदानस्थलमा सिसी क्यामेरा जडान, सुरक्षा र पारदर्शिता सुनिश्चित

***संवाहक सम्वादाता**-९फागुन, कलैया*

प्रतिनिधि सभाको निर्वाचनलाई निष्पक्ष, सुरक्षित र पारदर्शी बनाउन जिल्ला प्रहरी कार्यालय पर्साले १६७ मतदानस्थलमा सिसी क्यामेरा जडान गर्ने निर्णय गरेको छ।



जिल्ला प्रहरी कार्यालयका डीएसपी हरिबहादुर बस्नेतका अनुसार, मतदानस्थलमा जडान हुने सिसी क्यामेराले निर्वाचन प्रक्रिया निरन्तर निगरानीमा राख्नेछ। यसले मतदाता र मतदानकर्मी दुबैलाई सुरक्षित वातावरणमा मतदान सम्पन्न गर्न सहयोग पुर्‍याउनेछ। उनले भने, "सिसी क्यामेरा प्रणालीले निर्वाचनको निष्पक्षता र मर्यादालाई सुनिश्चित गर्न मद्दत गर्छ। हामीले यसका लागि आवश्यक जनशक्ति परिचालन र नियमित अनुगमनलाई प्राथमिकतामा राखेका छौं।"

सिसी क्यामेरा प्रणाली फागुन १७ भित्र सबै मतदानस्थलमा जडान गरिसक्ने योजना रहेको छ। सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउँदै, प्रहरीले सम्बन्धित निकायसँग समन्वय गर्दै मतदानस्थलमा नियमित अनुगमन र सतर्कता कायम राख्नेछ। प्रहरीले सर्वसाधारण र सरोकारवालालाई पनि सहयोग र संयमता अपनाउन आग्रह गरेको छ।

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा


मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## पिप्राविर्तामा बढ्दो चोरी : सुरक्षा संयन्त्र कहाँ चुक्दैछ?

मधेश प्रदेशको बारा जिल्लाअन्तर्गत महागढीमाई नगरपालिका-९ पिप्राविर्तामा पछिल्लो समय मोटरसाइकल चोरी र सुरुङ काटी घरफोडीका घटनाले स्थानीय बासिन्दालाई त्रसित बनाएको छ। एक वर्षको अवधिमा मात्रै एक दर्जनभन्दा बढी मोटरसाइकल चोरी भएको दाबी भइरहँदा प्रभावकारी रूपमा एउटा पनि बरामद हुन नसक्नु गम्भीर चिन्ताको विषय हो। यसले सुरक्षा संयन्त्रको सक्रियता र कार्यक्षमतामाथि स्वाभाविक रूपमा प्रश्न उठाएको छ। सोमबार राति गाउँबाहिर नदी किनारमा लुकेर बसेको आशंकित गिरोहको गतिविधिबाटै स्थानीयमा त्रासको अवस्था स्पष्ट हुन्छ। हल्ला भएपछि चोरहरू भागे पनि त्यही रात विभिन्न टोलमा चोरीका घटना दोहोरिनु संगठित गिरोह सक्रिय रहेको संकेत हो। घरको मुख्य ढोका सुरक्षित रहँदा पछाडिबाट सुरुङ बनाएर प्रवेश गर्नु सामान्य चोरी होइन, योजनाबद्ध आपराधिक प्रवृत्ति हो। यसअघि पनि यस्तै शैली दोहोरिएको तथ्यले सुरक्षा चुनौती झनै गम्भीर बनेको देखिन्छ। मोटरसाइकल चोरी झन् चिन्ताजनक छ। घरअगाडिबाटै, दिउँसै वा मध्यरातमा सवारी साधन हराउनु नागरिक सुरक्षाको आधारभूत प्रश्न हो। केही घटनामा शंकास्पद व्यक्ति पक्राउ परे पनि सहजै छुट्ने र चोरीका सवारी नफेला पर्ने अवस्थाले स्थानीयमा निराशा र आक्रोश बढाएको छ। सीमावर्ती क्षेत्र भएकाले प्रहरीको ध्यान बोर्डरतर्फ केन्द्रित हुनु स्वाभाविक भए पनि गाउँभित्र बढ्दो आपराधिक गतिविधि नियन्त्रण गर्न नसक्नु कमजोरीकै रूपमा लिइन्छ। स्थानीयले रातभरि पालैपालो जाग्राम बस्नुपरेको अवस्था लोकतान्त्रिक शासन व्यवस्थामा विडम्बनापूर्ण हो। नागरिकले कर तिर्छन् सुरक्षाको प्रत्याभूति पाउन; आफैं चौकीदारी गर्न होइन। वडा अध्यक्षले पनि त्रासको अवस्था स्वीकार गर्दै प्रहरी सक्रियता बढ्नुपर्ने बताएका छन्। तर अब आश्वासनभन्दा बढी आवश्यक छ–ठोस परिणाम। यस परिस्थितिमा तत्काल कडा र नियमित गस्ती, शंकास्पद गतिविधिको प्राविधिक निगरानी (ऋत्ऋत्ख विस्तार), समुदाय-प्रहरी साझेदारी सुदृढीकरण तथा पक्राउ परेका व्यक्तिमाथि निष्पक्ष र कडा कानुनी कारबाही अनिवार्य छ। संगठित गिरोहको जरो नउखेलेसम्म घटना दोहोरिने जोखिम रहिरहन्छ। पिप्राविर्ताको अवस्था एउटा गाउँको मात्र समस्या होइन; यो ग्रामीण सुरक्षाको समग्र चित्र हो। यदि समयमै निर्णायक कदम चालिएन भने मोटरसाइकल चोरी र घरफोडी नियन्त्रणबाहिर जान सक्छ। नागरिकले अब भाषण होइन, सुरक्षित वातावरण चाहेका छन्। सुरक्षा निकायले त्यसको अनुभूति गराउने बेला आएको छ।

# सामाजिक चेतको विम्ब



नेपाली समाजको चेतनाको स्तर निकै परिपक्व हुन थालेको छ। हल्ला र लोकप्रियताको धरातल, त्यसको उपादेयता र परिणामबारे नेपाली समाज आफैँमा केही भए पनि विवेचना गर्न सक्ने भइसकेको छ। चेतनाको स्तरसँगै विवेचनाको प्रचुरताले नै समाजलाई समृद्ध बनाउँदै लैजान्छ। सामाजिक विकासको यो अनन्य मान्यता पनि पनि हो। नेपाली समाजमाथि अझै पनि राजनीतिका अवयव हाबी हुन खोजिरहेको परिस्थिति छ।

डा. शोभाकर पराजुली

कार्ल मार्क्सले भनेका थिए, “राजनीति वर्ग र सामाजिक प्रभुत्वसँग गाँसिएको छ।” राज्य र राजनीतिलाई शासक वर्गको हित सुरक्षित गर्ने संयन्त्रका रूपमा अर्थ्याउँदै उनले भनेका छन्, “समाजमा उत्पन्न भइरहने वर्ग सङ्घर्ष, सामाजिक र राजनीतिक संरचना त्यसकै विम्ब हुन्। त्यही वर्गीय आधारमा समाज र राजनीतिबिचको सम्बन्धका आयाम जन्मिन्छन्।” दार्शनिक जोन लकले समाज र राजनीतिको राजनीतिक सम्बन्धबारे भनेका छन्, “सामाजिक स्वीकृतिबाटै राजनीतिले वैधता पाउँछ...।”

नेपाली सन्दर्भमा महामानव बिपी कोइरालाले भनेका छन्, “नेपाली समाजको शक्ति भनेकै विविधता हो। यसलाई स्वीकार गरेर जनउत्तरदायित्वमा आधारित राजनीतिले मात्रै नेपाली समाज र यहाँका नागरिकलाई वास्तविक स्वतन्त्रता, राष्ट्रियता र सम्मानको प्रत्याभूत गराउँछ...।” समग्रमा समाज र राजनीति अलग तषव होइनन्। बरु एकअर्कामा अन्योन्याश्रित हुन्। कतिपय अवस्थामा राजनीति सामाजिक मूल्यमा आधारित हुन्छ भने कतिपय परिस्थितिमा राजनीतिक मूल्यमा सामाजिक संरचनाको स्वरूप निर्धारण हुन्छ। त्यसैले अहिले पनि राजनीतिको एउटा कुनै ठोस परिभाषा छैन। राजनीतिक दार्शनिक र विद्वान् राजनीति र समाजको यही मूल्य र सम्बन्धका आयामलाई ठोस रूपमा व्याख्या गर्न सकिरहेका छैनन्। वास्तविकता के हो भने समाजले राजनीतिक मूल्य निर्धारण गर्छ कि राजनीतिले सामाजिक मूल्य जन्माउँछ ? यो परिस्थितिलाई पनि ठ्याक्कै आकलन गर्न सकिँदैन। त्यो भनेको हाम्रो सामाजिक संरचना कुन धरातलमा उभिएको छ भन्ने कुराले पनि निर्धारण गर्छ। समृद्धिको जगमा जागेको समाजमा राजनीति साध्य र साधन दुवै नरहन सक्छ। बरु त्यसले राजनीतिक दिशासमेत निर्धारण गर्न सक्छ। चेतना र स्वतन्त्रताको जग कमजोर भएको समाजमा राजनीति नै निर्णायक हुन्छ। राजनीतिले समाजलाई निर्देशित गर्छ कि समाजले राजनीतिलाई निर्देश गर्छ ? यो आफैँमा एउटा बहुआयामिक प्रश्न हो र यसको कुनै निश्चित जवाफ छैन। यस अर्थमा राजनीति भनेको गणितको सङ्गृहीत समाधान पनि होइन अनि समाज त्यसको अंशियार पनि होइन। यसका पनि सम्बन्धका अनेक आयाम छन्।

जे होस् नेपाल फेरि एक पटक समाज र राजनीतिको त्यही प्रतिरोधात्मक अवस्थामा छ। अर्थात् चेतनाको विम्बमा अहिले नेपाली राजनीति र समाज एकअर्कामा परिक्षित हुन चाहिरहेका छन्। गत भदौ २३ मा भएको जेनजी विद्रोह, २४ मा भएको विध्वंस र त्यसपछि बिथोलिएको सामाजिक संरचना र राजनीतिक परिस्थिति त्यसकै उपज हो। फागुन २१ को निर्वाचन त्यसैलाई फैसला गर्ने एक अनिवार्य परीक्षा हो। एउटा त्यस्तो परीक्षा जहाँबाट यो राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र आगामी पुस्ताको भविष्यको रेखासमेत कोरिने छ।

नेपाल आफैँमा विविधताले भरिएको एक सामाजिक संरचना हो। बहुजातीय, बहुभाषीय, बहुधार्मिक अनि बहुसांस्कृतिक विविधताले अडिएको नेपाली समाजको सामाजिक संरचना भने राजनीतिक चरित्रमा निर्भर गर्छ। अर्थात् राजनीतिक संस्कृतिले यहाँको कतिपय सामाजिक संरचनाको निर्धारण गरेको छ।

कुनै वैदेशिक उपनिवेश वा ‘गुलामी’ देखि टाढै रहे पनि नेपाली समाज सधैँ राजनीतिक परिस्थितिले थिचिइरह्यो। लामो समयसम्मको विभिन्न वंशको सामन्ती शासन, जहानियाँ शासन अनि दरबारबाट थिचिएको नेपाली समाजले पटक पटक लोकतन्त्रका नयाँ नयाँ अभ्यास गर्दै आयो। कतिपय अवस्थामा ती असफल भए कतिपय अवस्थामा ती विफल भएका छन्। एउटै वंशको सयौँ वर्षदेखिको शासनबाट मुक्त भए पनि दरबारिया प्रवृत्तिबाट अलग हुन अझ सयौँ वर्ष लाग्यो र पनि हाम्रो सामाजिक संरचनानको जग त्यही प्रवृत्तिका अवशेषमा अडिएको हो। केन्द्रीकृत प्रशासनिक संरचनाबाट प्रताडित नेपाली समाजले लामो समयपछि सङ्घीयताको अभ्यास त गर्दै छ तर त्यसको वास्तविक अनुभूत भने हुन सकेको छैन। किनकि हाम्रा नेतृत्वमा त्यही पुरातन शासकीय प्रवृत्ति हाबी भइरह्यो। व्यक्ति, परिवार अनि समुदायकेन्द्रित प्रवृत्ति मौलाउँदै त्यो राज्य र शासकीय प्रवृत्तिमा समेत प्रवेश गऱ्यो, जसबाट नेपाल र नेपाली आफैँले छानेका प्रतिनिधिबाट नै पुनः शासित भइरहनुपर्ने विडम्बना छ। यो भनेको सामाजिक संरचना र यसका प्रवृत्तिप्रति राजनीति हाबी भएको हो। यो सामाजिक र राजनीतिक चरित्र आफैँमा एक सामाजिक राजनीतिक दर्शन पनि हो। जसलाई अहिलेसम्म संसारका कुनै पनि राजनीतिक दार्शनिक वा विद्वान्ले व्याख्या गर्न सकेकै छैनन्।

यिनै राजनीतिक र सामाजिक उथलपुथल सँगसँगै नेपाल फेरि एक पटक इतिहासको कठघरामा उभिएको छ। हरेक दशकैपिच्छे हुने विद्रोहले यहाँका सामाजिक सोच, अनि राजनीतिक संरचनासमेत दिगो र स्थिर हुन सकेका छैनन्। गत भदौमा भएको नवपुस्ताको विद्रोहलाई पनि त्यसैसँग जोडेर हेर्न सकिन्छ। नयाँ नयाँ प्रविधि र प्रशोधनले यो सारा संसारलाई नै कसरी साँघुरो बनाउँदै लगेको छ भन्ने गतिलो उदाहरण नेपालका नवपुस्ता (जेनजी) ले पनि प्रस्तुत गरे। आफ्ना असन्तुष्टि, असन्तोष र आवेगलाई उनीहरूले सडकमा पोखे विद्रोहका रूपमा। त्यसले केही विध्वंस पक्कै भयो तथापि नेपाली समाजको चेतलाई परिवर्तन गर्ने दिशामा नवपुस्ताको त्यो विद्रोह इतिहासमा सधैँ मानक बनेर स्थापित हुने छ।

नेपाली समाजको चेतनाको स्तर निकै परिपक्व हुन थालेको छ। हल्ला र लोकप्रियताको धरातल, त्यसको उपादेयता र परिणामबारे नेपाली समाज आफैँमा केही भए पनि विवेचना गर्न सक्ने भइसकेको छ। चेतनाको स्तरसँगै विवेचनाको प्रचुरताले नै समाजलाई समृद्ध बनाउँदै लैजान्छ। सामाजिक विकासको यो अनन्य मान्यता पनि पनि हो। तथापि नेपाली समाजमाथि अझै पनि राजनीतिका अवयव हाबी हुन खोजिरहेको परिस्थिति छ। यद्यपि नेपाली समाज इतिहासदेखि नै राजनीतिबाट डोरिँदै आएको हो। जसका कारण राजनीति र यसले ल्याएका परिवर्तनका लहरसँग समाजले लय मिलाउन खोज्यो। जब समाज र राजनीतिको लयमा तालमेल मिलेन अनि त्यसले विद्रोहका रूप धारण गरेको पाइन्छ। पटक पटक हुने विध्वंस विद्रोहका त्यही विस्फोटक रूप हुन्।

राणा शासनपछिका करिब आठ दशक यस्तै यस्तै विद्रोहका चोट खेप्दै गुज्रिएका छन् र पनि देशको राजनीति र नेतृत्व ती चोटका बजारीकरण गर्न मात्रै उद्यत रह्यो। जहाँबाट चुनिएर आएको हो, उसप्रति सधैँ अनुग्रहित रह्यो। राज्य अनि शासक वर्गको बेवास्ताले फेरि एक पटक नेपाली समाज कुहिरोको काग जस्तै भयो। राजनीतिको त्यही कुहिरोरूपी पर्दा हटाउन नेपाली समाज पटक पटक विद्रोहको विस्फोटसम्म पुग्ने गर्छ। २०८२ भदौ २३ को विद्रोह स्वाभाविक थियो तर त्यसपछिको विध्वंस विवेकले किचिएको अनि विवेचना हराएको समाजको एक विम्ब हो, जहाँबाट नेपाली राजनीतिको एउटा कुरूप अनि भयानक तस्बिर हामी देख्न सक्छौँ।

फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचन मात्रै परम्परामा आधारित लोकतन्त्रको सुन्दर अभ्यास मात्रै होइन। बरु यो त्यही लोकतन्त्रको समृद्धिलाई जनताको अनुभूतिसँग गाँस्ने एक ऐतिहासिक मोड पनि हुने छ। किनकि परम्परागत निर्वाचनभन्दा परिस्थितिले निम्त्याएको यो निर्वाचनका आफ्नै विशेषता छन्। यसले मात्रै सत्ता अनि शक्तिको विनिमय र बाँडफाँट मात्रै होइन बरु सामाजिक चरित्र, असन्तुष्टि, आकाङ्क्षा र अपेक्षालाई सम्बोधन गर्ने एक मिसालका रूपमा पनि स्थापित हुने छ। यो एउटा पुस्ताको विद्रोहले निम्त्याएको निर्वाचन हो। जुन पुस्ता अब देश निर्माणको बाटोमा एक निर्णायक कडी पनि हो।

एउटा यस्तो पुस्ता जो सामाजिक र राजनीतिक बेथितिमाझ जन्मियो। उसले अनेकन बेथिति देखेको छ। सामाजिक न्यायलाई उसले कहिल्यै स्वतन्त्र उपभोग गर्न पाएन। राज्यका निर्णायक निकाय अनि संरचनामा एउटा आममान्छेको प्रतिनिधित्व कहिल्यै प्रतिध्वनित हुन पाएन। यो पुस्ताले संसार बुझिसकेको थियो। इन्टरनेट र अनेकानेक प्रविधिसँगै भर्चुअल दुनियाँ चक्कर काटिरहेको यो पुस्तालाई थाहा थियो एउटा वैश्विक समाज कस्तो हुन्छ ? आत्मसम्मान र आत्मस्वतन्त्रताको मूल्य उसले यो समाजमा होइन वैश्विक परामर्शबाट लिएको थियो। सत्ता र शक्तिको विनियम र भागबन्डाबाट निकै ढाटा रहेको समाजको एउटा हिस्सा जेनजीको त्यही विद्रोहमार्फत सडकमा विस्फोट भएको हो। त्यसैले यो चुनाव सत्ता र शक्तिको अंशबन्डा, भागबन्डा वा त्यसको अङ्कगणित मात्रै होइन। मात्रै लोकतन्त्रको अभ्यास मात्रै पनि होइन। बरु यो त अब नवपुस्ताको समृद्ध भविष्य र राष्ट्रनिर्माणको एक निर्णायक विन्दु पनि हो।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## एआई शिखर सम्मेलन निष्कर्षविहीन

*नयाँदिल्ली, फागुन ९ गते ।*
पाँच दिनसम्म विश्वका नेता, प्रविधि कम्पनीका प्रमुख र नीति निर्माता भेला भएको ग्लोबल एआई शिखर सम्मेलन औपचारिक अन्तिम घोषणाबिना टुङ्गिएको छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को अवसर र जोखिमबारे साझा दृष्टिकोण तय गर्ने उद्देश्य राखिएको सम्मेलनको संयुक्त वक्तव्य शनिबार दिउँसोसम्म सार्वजनिक भएको थिएन, जबकि त्यसको अपेक्षा एक दिन अघि गरिएको थियो ।



फ्रान्स, ब्राजिल लगायतका देशका नेतासहित दर्जनौं राष्ट्रिय प्रतिनिधि मण्डल भारतको राजधानी नयाँदिल्लीमा द्रुत रूपमा विकसित भइरहेको जेनेरेटिभ एआई प्रविधिको प्रभावबारे छलफल गर्न भेला भएका थिए । यो विकासोन्मुख राष्ट्रद्वारा आयोजना गरिएको पहिलो वार्षिक बैठक हो र एआई प्रभाव सम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनका रूपमा आयोजना गरिएको थियो । भारतका सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले शुक्रबार 'घोषणामा ठूलो सहमति' भएको बताउनु भएको थियो, तर विवरण खुलाउन अस्वीकार गर्नु भएको थियो । उहाँका अनुसार ७० भन्दा बढी हस्ताक्षर कर्ताले समर्थन जनाइसकेका छन् र यो सङ्ख्या ८० नाघ्ने अपेक्षा गरिएको छ । "हामी यो सङ्ख्या अधिकतम बनाउन प्रयासरत छौँ", सम्मेलन समापनका क्रममा उहाँले बताउनु भएको थियो । शनिबारसम्म आयोजक र मन्त्रालयबाट औपचारिक टिप्पणी प्राप्त भएको थिएन । सम्मेलनमा बहुभाषी एआई अनुवादका सामाजिक लाभ, रोजगारीमा पर्ने सम्भावित असर, डाटा सेन्टरको उच्च ऊर्जा खपत र नियमनको दायरा जस्ता विषय प्रमुख बहसमा रहे । यद्यपि विश्लेषकले सम्मेलनको व्यापक र खुला एजेन्डाले ठोस र बाध्यकारी प्रतिबद्धता निकाल्न कठिन बनाएको टिप्पणी गरेका छन् । यस अघि फ्रान्स, दक्षिण कोरिया र बेलायतमा आयोजित संस्करणमा पनि अस्पष्ट प्रतिज्ञा मात्र गरिएको स्मरण गराइएको छ । गत वर्षको एआई शिखर सम्मेलनमा संयुक्त वक्तव्यमा हस्ताक्षर नगरेको संयुक्त राज्य अमेरिकाले यस पटक भारतसँग अलग द्विपक्षीय घोषणापत्र जारी गरेको छ । उक्त घोषणा पत्रमा दुवै देश 'उद्यमशीलता र नवप्रवर्तनलाई अनुकूल हुने एआईसम्बन्धी विश्वव्यापी दृष्टिकोण' अघि बढाउन सहमत भएको उल्लेख गरिएको छ ।

यसैबिच, ह्वाइट हाउसका प्रविधि सल्लाहकार तथा अमेरिकी प्रतिनिधि मण्डलका प्रमुख माइकल क्रेटसिओसले जेनेरेटिभ एआईमाथि केन्द्रीयकृत विश्वव्यापी नियन्त्रणको अवधारणा विरुद्ध चेतावनी दिनु भएको छ । उहाँले ट्रम्प प्रशासनले एआईको विश्वव्यापी शासन संरचनालाई अस्वीकार गर्ने नीति दोहोर्‍याएको बताउनुभयो । केही सहभागीले सम्मेलन स्थलमा प्रवेश-निकास व्यवस्थापन कमजोर रहेको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए । यद्यपि दशौँ हजार सहभागीको उपस्थितिसहित सम्पन्न सम्मेलनले एआईको भविष्यबारे बहसलाई अझ व्यापक बनाएको विश्लेषकको भनाइ छ । तर साझा घोषणापत्र बिना टुङ्गिएको यो सम्मेलनले विश्वव्यापी सहमतिको मार्ग अझै जटिल रहेको सङ्केत दिएको छ ।

## आहारारा गोल्ड कप : जावलाखेललाई हराउँदै आयोजक सहारा च्याम्पियन

*(कास्की), फागुन ९ गते ।*
२५औँ संस्करणको आहारारा गोल्ड कप उपाधि आयोजक सहारा क्लबले जितेको छ । पोखरा रङ्गशालामा शनिबार भएको फाइनल खेलमा आयोजक सहाराले 'ए' डिभिजन टोली जावलाखेल युथ क्लबलाई २-० गोलले हरायो । आयोजक सहाराले १३ वर्षपछि उपाधि उचालेको हो । यसअघि उसले २०७० सालको १२औँ संस्करण जितेको थियो । उपाधिसहित सहाराले १४ लाख एक हजार रुपियाँ पुरस्कार पायो । उपविजेता जावलाखेलले सात लाख रुपियाँ प्राप्त गरेको छ । सहारालाई उपाधि दिलाउन कप्तान सुशील लामाको योगदा महत्वपूर्ण रह्यो ।




२५औँ मिनेटमा सुशील लामाले हानेको कर्नर बललाई मुकुन्दकुमार निउरेले हेडमार्फत् पोस्टको दिशा दिँदा गोलमा परिणत भएको थियो । ७३औँ मिनेटमा खेलमा प्लयेर अफ दी म्याच घाषित सुशीलले दिएको पासलाई टाय बादारुले हेडिङ गर्दै गोल गर्नुभएको थियो ।

जावलाखेलका निकोलस र बोबाकारले केही राम्रा अवसरलाई सदुपयोग गर्न सक्नुभएन । जावलाखेलका प्रशिक्षक सुनील कुमार स्कोर गर्न नसक्दा हार व्यहोरेको बताउनुभयो ।

प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी बन्नुभएका सहारा क्लबका मुकुन्दकुमार निउरेले उदीयमान खेलाडी पनि घोषित हुनुभयो । उहाँलाई इलेक्ट्रिक स्कुटर प्रदान गरिएको छ ।

हाइस्कोरर प्यालिङ ब्बाइजका पापा इबु, बेस्ट गोलकिपर टिकेन्द्र थापा सहारा क्लब, बेस्ट मिडफिल्डर बोबाकार जावलाखेल, बेस्ट स्टाइकर धर्बेन्द्र कुँवर जाउलाखेल, बेस्ट प्रशिक्षक सुनील रानामगर सहारा क्लब र अनुशासित टिम आभा फुटबल क्लब उज्बेकिस्तान बनेको छ ।

विधागतमा उत्कृष्ट हुनेलाई जनही नगद २५ हजार रुपियाँ प्रदान गरिएको छ । प्रतियोगितामा तीन विदेशीसहित १२ टोलीले प्रतिस्पर्धा गरेका थिए ।

## श्रीलङ्का : राज्य भूमिकामा दबाब

*कोलम्बो, फागुन ९ गते ।*
श्रीलङ्कामा बौद्ध धर्मको संवैधानिक हैसियत र भिक्षुको परामर्श भूमिकालाई सम्मान गर्न माग गर्दै सयौं बौद्ध भिक्षुले शुक्रबार राजधानी कोलम्बोमा शान्तिपूर्ण र्‍याली निकालेका छन् । भिक्षुले सरकारले आफ्नो धर्मको सम्मान नगरेको र राज्य सञ्चालनमा लामो समयदेखि चल्दै आएको परामर्श परम्परालाई बेवास्ता गरेको आरोप लगाएका छन् ।र्‍याली कुनै हिंसात्मक घटनाबिना सम्पन्न भएको छ । प्रदर्शनका क्रममा भिक्षुले राष्ट्रपति अनुरा कुमारा दिसानायकेलाई पठाउने अपिल पत्र सार्वजनिक रूपमा पढेर सुनाएका थिए । उक्त पत्रमा राज्य सञ्चालन बौद्ध धर्मको सिद्धान्त अनुसार हुनुपर्ने र भिक्षुलाई राष्ट्रिय मामिलामा सल्लाह दिने अधिकार औपचारिक रूपमा मान्यता दिनुपर्ने उल्लेख गरिएको छ । करिब दुई करोड २० लाख जनसङ्ख्या भएको यस टापु राष्ट्रको संविधानले बौद्ध धर्मलाई विशेष स्थान दिएको छ । संविधानले बौद्ध धर्मको संरक्षण र प्रवर्द्धन गर्नु सरकारको कर्तव्य भएको उल्लेख गरे पनि अन्य धर्मावलम्बीको धार्मिक स्वतन्त्रता कानूनद्वारा सुरक्षित छ । देशको ७० प्रतिशतभन्दा बढी जनसङ्ख्या बौद्ध छन्, र भिक्षु वर्ग सामाजिक, सांस्कृतिक तथा राजनीतिक जीवनमा प्रभावशाली मानिन्छन् ।



श्रीलङ्कामा हिन्दू, मुस्लिम र इसाई समुदाय पनि उल्लेखनीय रूपमा बसोबास गर्छन् । अपिल पत्रमा बौद्ध धर्मको उद्गम प्राचीन भारतमा पाँचौं शताब्दी ईसा पूर्वमा भएको उल्लेख गर्दै राज्यका नीतिहरू त्यसका नैतिक आधारमा निर्देशित हुनुपर्ने धारणा राखिएको छ । साथै, श्रीलङ्काको उच्च पदमा गैर-बौद्धको नियुक्ति रोक्न, विद्यालय तथा शिक्षा प्रणालीमा बौद्ध मूल्यमान्यता समावेश गर्न र धर्मसँग सम्बन्धित पुरातात्विक स्थलको संरक्षण सुनिश्चित गर्न माग गरिएको छ ।

विश्लेषकका अनुसार यो कदमलाई भिक्षु समुदायले सरकारमाथि वैचारिक र नीतिगत दबाब सिर्जना गर्ने प्रयासका रूपमा हेरिएको छ । हालको प्रदर्शनले धर्म र राज्यबीचको सम्बन्धबारे श्रीलङ्कामा जारी बहसलाई पुनः तीव्र बनाएको छ ।

## रौतहटमा....

भएको छ। बिहान करिब ९ बजेदेखि ढुंगा-मुढा हानाहान सुरु भएपछि सयौँ सुरक्षाकर्मी परिचालन गरिएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका संयुक्त टोली घटनास्थलमा खटिएका छन्। जिल्ला प्रहरी प्रमुख सिताराम रिजाल र सशस्त्र प्रहरीका रामहरी अधिकारी स्वयं कमाण्ड सम्हालेका छन्। यसअघि प्रमुख जिल्ला अधिकारी दिनेस सागर भुसालको उपस्थितिमा दुवै पक्षबीच सहमति जुटेको थियो।
झडपको मुख्य कारण सवगढामा विवाहको जन्ती मस्जिद नजिक आउँदा अवरोध हुनु हो। यसअघि ढुंगा हानाहानमा दर्जनौं घाइते भएका थिए। गएराति भएको झडपमा ६ जना घाइते भई प्रादेशिक अस्पताल गौरमा उपचार भइसकेको छ। शनिबार बिहान पुनः चार-पाँच सयको भीड जम्मा भई झडप सुरु भएपछि सुरक्षा निकायले १२ राउण्ड हवाई फायर र ४० राउण्ड अश्रुग्यास प्रहार गरेको छ। हाल सुरक्षा व्यवस्था कडा पारिएको छ र प्रशासनले सबैलाई संयमता अपनाउन आग्रह गरेको छ।
केन्द्रीय सुरक्षा समितिले स्थानीय प्रशासन र सुरक्षा निकायसँग मिलेर समाजमा शान्ति कायम राख्न, चुनावी गतिविधि प्रभावित नहोस् र जनजीवनमा न्यूनतम असर होस् भन्ने सुनिश्चितता मागेको छ।

## बारामा....

स्थानीय नागरिकहरूले प्रशासनको मौनतामा असन्तुष्ट व्यक्त गर्दै भनेका छन्, "क्रसर उद्योगहरूले हाम्रो स्वास्थ्य, कृषि र नदी जीवनमा प्रतिकूल प्रभाव पार्दै आएका छन्। प्रशासन मौन बस्दा समस्या झनै गम्भीर बन्ने खतरा छ। अब केवल चेतावनी पर्याप्त छैन, कडा कारबाही आवश्यक छ।"
निष्कर्षः बारा जिल्लाको क्रसर उद्योग व्यवस्थापनमा प्रशासनको नियत र सक्रियता नहुँदासम्म, दीर्घकालीन पर्यावरणीय र स्वास्थ्य संकट बढ्ने जोखिम उच्च रहिरहनेछ।

## बारा-२....

हाम्रो समस्या सुनेर समाधान खोज्ने प्रयास गर्नु भएको छ, यसले हाम्रो विश्वास बढाएको छ,"-एक मतदाताले बताए।
विशेषज्ञहरूले भनेका छन्, "घरदैलो अभियान, समुदाय भेटघाट र न्चबककचययतक स्तरमा सक्रियता चुनावमा निर्णायक भूमिका खेल्छ। यादवको व्यापक जनसमर्थन जुटाउने रणनीतिले उनलाई निर्वाचन जित्न महत्वपूर्ण फाइदा दिनेछ।"
उम्मेदवार यादवले आगामी दिनहरूमा पनि समग्र क्षेत्रका सबै मतदान केन्द्रमा समान पहुँच कायम गर्दै आफ्नो प्रचार-प्रसारलाई निरन्तरता दिने योजना बनाएका छन्। यस किसिमको व्यापक, समावेशी र प्रभावकारी प्रचार-प्रसारले मतदातामा विश्वास जगाउने मात्र नभई क्षेत्रीय नेतृत्वको रूपरेखा पनि स्पष्ट बनाएको छ।
निष्कर्षः बारा-२ मा रामकिशोर यादवको घरदैलो अभियान, न्चबककचययतक स्तरको संगठन र समुदायसँगको प्रत्यक्ष संवादले उनलाई जितको आत्मविश्वास प्रदान गरेको छ। आगामी निर्वाचनमा यस अभियानको प्रभाव व्यापक जनसमर्थनमा रूपान्तरण हुने अपेक्षा गरिएको छ।

## रौतहट-४....

स्थानीय स्तरका गरिब तथा अल्पसंख्यक समुदायहरूले उम्मेदवार दासको व्यक्तिगत गुण र नेतृत्व क्षमतामा विश्वास व्यक्त गर्दै सहयोगको प्रतिबद्धता देखाएका छन्। दासले आफूलाई मतदातासँग निकटता र पारदर्शिता कायम राख्ने उद्देश्यसहित प्रचार-प्रसारमा सक्रिय रहेको बताए।
उनले मतदाता भेटघाटको क्रममा भनेका छन्, "हामी सबै समुदायको हित, सामाजिक न्याय र विकास सुनिश्चित गर्न प्रतिबद्ध छौँ। मेरो लक्ष्य मतदाताको आवाजलाई संसदमा पुर्‍याउनु हो।"
विशेषज्ञहरूले मतदाता भेटघाट र समुदायमा सक्रियता चुनावी सफलताका लागि महत्वपूर्ण हुने भन्दै उम्मेदवार दासको रणनीतिलाई स्थानीय स्तरमा प्रभावकारी मानिरहेका छन्।


जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# केन्द्रीय सुरक्षा समितिले निर्वाचन आचारसंहिता उल्लङ्घन रोक्न जिल्ला सुरक्षा समितिलाई निर्देशन

***काठमान्डौ । ९ फागुन,***
केन्द्रीय सुरक्षा समितिले निर्वाचन आचारसंहिता विपरीत गतिविधि गर्ने राजनीतिक दल तथा व्यक्तिहरूलाई कडाइका साथ कारबाही गर्न जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ।



शनिबार गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकमा चुनावी प्रचारका क्रममा विभिन्न स्थानमा आचारसंहिता उल्लङ्घनका घटनाहरू उठाइए। गृहमन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार, दाङ, बारा लगायतका जिल्लामा राजनीतिक दलका झण्डा जलाउने, निर्वाचन प्रचारमा अवरोध गर्ने र अन्य असामाजिक गतिविधि भएको पाइएको छ। केही घटनामा पहिले नै कारबाही प्रक्रिया अघि बढिसकेको उनले जानकारी दिए।

बैठकले राजनीतिक दलहरूलाई स्पष्ट रूपमा आचारसंहिता पालना गर्दै प्रचार-प्रसार गर्न र प्रतिस्पर्धी दलप्रति सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको छ। प्रवक्ता काफ्लेले भने, "कतै पनि आचारसंहिता विपरीत गतिविधि भए कारबाहीको दायरामा ल्याउन जिल्ला सुरक्षा समितिलाई निर्देशन दिइएको छ।"

त्यसैगरी, बैठकमा रौतहटमा भएको झडपबारे पनि छलफल भएको थियो। स्थानीय तहमा सुरक्षा व्यवस्थालाई सुदृढ गर्न र शान्ति कायम राख्न जिल्ला सुरक्षा समितिलाई आवश्यक निर्देशन दिइएको छ। बैठकले चुनावको तयारी, सुरक्षा चुनौती, र निर्वाचनको समयमा प्रभावकारी निगरानीको उपायहरू पनि समीक्षा गरेको छ।

केन्द्रीय सुरक्षा समितिको बैठकमा सुरक्षा निकायका वरिष्ठ अधिकारीहरूले सुरक्षा व्यवस्थाबारे विस्तृत ब्रिफिङ प्रस्तुत गरेका थिए। बैठकमा उठेका सुझाव र निर्देशनहरू कार्यान्वयन भए मात्र चुनावी वातावरण शान्तिपूर्ण र निष्पक्ष बन्न सक्ने अपेक्षा गरिएको छ।

# प्रधानमन्त्री कार्कीद्वारा निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण बनाउन सुरक्षा निर्देशन

***बुटवल -९ फागुन,***
प्रधानमन्त्री शुशीला कार्कीले प्रतिनिधि सभाको निर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण बनाउन चुम्बिनी प्रदेशका सुरक्षा निकायका प्रमुखहरुलाई स्पष्ट निर्देशन दिएकी छन्। उनले सुरक्षा अधिकारीहरूसँग भएको संयुक्त बैठकमा सरकारको मुख्य प्राथमिकता हाल निर्वाचन भएकाले यसमा ध्यान केन्द्रित गर्न जोड दिएकी छन्।



प्रधानमन्त्री कार्कीले सुरक्षा निकायका प्रमुखहरूसँग प्रदेशभरको सुरक्षा अवस्थाबारे जानकारी लिएकी थिइन्। बैठकमा प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी दिएअनुसार, भारतीय सीमासँग जोडिएका ५१४ किलोमिटर खुला सीमा सुरक्षा चुनौतीका रूपमा उल्लेख गरिएको छ। तराईका ६ जिल्लामा खुला सीमाका कारण सुरक्षा चुनौती बढी छ भने पहाडी जिल्लामा अलग सुरक्षा समस्या देखिएको छ।

बैठकमा सुरक्षा निकायका प्रमुख र विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले आफ्नो जिल्लागत सुरक्षा अवस्था प्रस्तुत गरेका थिए। बैठकले तीन तहको सुरक्षा रणनीति अपनाउने निर्णय गरेको छः अतिसंवेदनशील, संवेदनशील, र सामान्य क्षेत्र अनुसार वर्गीकरण गरी निर्वाचनलाई सफल बनाउने योजना तयार पारिएको छ।

सहभागी अधिकारीहरूले सीमा क्षेत्रमा समन्वयमा काम गर्ने योजना र खुला सीमामा सतर्कता बढाउने रणनीति समेत प्रधानमन्त्रीलाई जानकारी दिएका थिए। यस बैठकमा प्रमुख सचिव कृष्णप्रसाद काप्री, प्रदेश प्रहरी प्रमुख भूपेन्द्र बहादुर खत्री, र अन्य सुरक्षा अधिकारीहरूले आफ्नो क्षेत्रको प्रतिवेदन प्रस्तुत गरेका थिए।

बैठक सकिएपछि प्रधानमन्त्री कार्कीले लुम्बिनीको दर्शन गरेपछि काठमाडौं फर्किएकी छन्। यस कदमले निर्वाचनको समयमा सुरक्षा र शान्ति सुनिश्चित गर्ने सरकारको प्रतिबद्धता स्पष्ट भएको छ।

# गौरको तनावप्रति माधव नेपालको चिन्ता, दुवै पक्षलाई संयमता अपनाउन अपिल

***काठमाडौं -९ फाल्गुन २०८२,***
नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सहसंयोजक माधवकुमार नेपालले रौतहटको गौरमा देखिएको पछिल्लो तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै दुवै समुदायलाई संयमता अपनाउन अपिल गरेका छन्।



शनिबार पत्रकारसँग कुराकानी गर्दै नेपालले हिन्दु र मुस्लिम समुदाय सदियौँदेखि मिलेर बसेको उल्लेख गर्दै आपसी सद्भाव कायम राख्न आग्रह गरे। उनले भने, "हिन्दु होस् वा मुस्लिम, जुनसुकै परिवारको जीवन र सुरक्षा जोखिममा पर्नु हुँदैन। यस्तो अवस्था कुनै पनि हालतमा स्वीकार्य छैन।"

नेपाल रौतहट-१ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवारसमेत हुन् र सोही क्षेत्रबाट लामो समयदेखि संघीय संसद्मा प्रतिनिधित्व गर्दै आएका छन्। उनले समस्या समाधान आपसी संवादबाट मात्र सम्भव हुने बताए। दुवै पक्षले एक-अर्काको धर्म, संस्कृति र चाडपर्वको सम्मान गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले उत्तेजनामा नआउन आग्रह गरे।

स्थिति सामान्यीकरणका लागि सरकारले तत्काल कदम चाल्नुपर्नेमा उनले जोड दिएका छन्। नेपालले गृहमन्त्रीसँग पनि कुराकानी गरी तत्काल कर्फ्यु लगाउन सुझाव दिएका हुन्। उनले जनकपुरका डीआईजी, रौतहटका प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकसँग निरन्तर समन्वय भइरहेको जानकारी पनि दिएका छन्।

उनले स्पष्ट पारे, "कसैको घरमा क्षति नपुगोस्, कसैको इज्जत र प्रतिष्ठामा आँच नआओस् भन्ने विषयमा हामी सजग छौं।"

# गरुडामा निर्वाचन प्रहरी विवाद : पोशाक रकम असहमति र उम्मेदवारसँग भेदभावमा तत्काल अनुशासनको माग

***गरुडा - ९ फाल्गुन,***
निर्वाचन सुरक्षामा खटिएका म्यादि प्रहरीहरूले पोशाक रकम विवादका कारण रौतहटको गरुडामा शुक्रबार सडकदेखि प्रहरी कार्यालयसम्म आन्दोलन गर्दै तनाव सिर्जना गरेका छन्। इलाका प्रहरी कार्यालय अगाडि सयौं म्यादि प्रहरी भेला भएर कार्यालय घेराउ गरेका थिए भने गौर-चन्द्रनिगाहपुर सडक केही समय अवरुद्ध हुँदा सवारी आवागमन प्रभावित भयो। प्रहरीहरूले पोशाक वितरणअघि ६ हजार १७० रुपैयाँ बराबरको सादा चेक मागिएकोमा असहमति जनाएका थिए। उनीहरूको दाबी अनुसार सरकारले निर्वाचन अवधिका लागि ४४ हजार रुपैयाँ पारिश्रमिक दिने जानकारी गराएको भए पनि पोशाकको नाममा अतिरिक्त ब्लैंक चेक मागिनु अन्यायपूर्ण भएको छ।




यसैबीच, रौतहट निर्वाचन क्षेत्र नं ४ का जसपा नेपालका उम्मेदवार राजकुमार दास प्रचार-प्रसार गर्न जाँदै थिए। दासले आफ्नो गाडी अगाडि जान र समस्या समाधानका लागि पहल गर्दा इलाका प्रहरी कार्यालय गरुडाका इन्स्पेक्टर आर.के. शर्माले रुखो व्यवहार देखाएको आरोप लगाएका छन्।

उम्मेदवार दासले भनेका छन्, "थोरै भएपनि निर्वाचन अवधिसम्म केही रकम पाउने आशामा भर्ती भएका निर्वाचन प्रहरीबाट अबैध तरिकाले पैसा असुल्नु चरम अनियमितता हो। सरकारले सार्वजनिक सूचना जारी नगरिकन प्रहरी ईन्चार्जले पैसा असुल्नु बेथिति हो। मुस्कानसहितको प्रहरी सेवा उम्मेदवारसँग गरिएको भेदभावपूर्ण व्यवहारले सुरक्षा निकायको निष्पक्षता माथि प्रश्न उठ्छ।"

दासले स्थानीय प्रशासन र सुरक्षा निकायसँग तत्काल फिर्ता र अनुशासनात्मक कार्यवाहीको माग गर्दै भने, "यस्ता वेथितिका विरुद्ध र सर्वसाधारणको आवाज सुनिनुपर्छ। म सदैव अन द स्पट तयार छु।" उनले आफ्नो अनुभव र सन्देश क्षेत्रबासीसँग भिडियोमार्फत साझा गरेका छन्। यस विषयमा प्रतिक्रिया लिन इन्स्पेक्टर शर्मा सम्पर्कमा आउन चाहनु भएन। स्थानीय प्रशासन र सुरक्षा निकायले संवेदनशील रूपमा व्यवस्थापन नगरेको खण्डमा विवाद अझ चर्किने र निर्वाचन सुरक्षामा प्रभाव पर्ने खतरा देखिएको छ।

# रौतहट-४ : जसपा नेपालको उम्मेदवार राजकुमार दासको घरदैलोमा व्यापक समर्थन जित नजिक

***रौतहट, ९ फाल्गुन २०८२ -***
रौतहट निर्वाचन क्षेत्र नं ४ मा जसपा नेपालका उम्मेदवार राजकुमार दासले आफ्नो चिनावी प्रचार-प्रसार जोरशोरसँग जारी राखेका छन्। स्थानीय मतदाता भेटघाट, घरदेलो भ्रमण र समुदायिक कार्यक्रममार्फत उनले आफ्नो जनसमर्थन जुटाइरहेको समाचार प्राप्त भएको छ।



उम्मेदवार दासका अनुसार दलित, मुस्लिम, जनजाती तथा आदिवासी समुदायबाट व्यापक समर्थन जुटेको छ। पाँ पालिकामा मधेशी दलित मतको महत्वपूर्ण उपस्थिति रहेको उनले बताए। यसैगरी, गढीमाई नगरपालिकाको हथियौल, चन्द्रपुरको नयाँबस्ती-श्रीपुर खोर, गरुडाको गेडही, नरकटिया, समनपुर लगायतका क्षेत्रमा घर-घर पुगेर मतदाता भेटघाट गर्दै जनसमर्थन विस्तार गरिरहेको छ।

जसपा नेपालका दिग्गज नेताहरू र

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

